स्थानीय सरकार

# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बेथरी, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल।

पत्र संख्या:-२०८२/८३

सूचना नम्बर:- ३५

वि.सं: २०८२ मंसिर ८ गते सोमबार,

नेपाल संवत: ११४६ थिंलाथ्व चतुर्थी - ४

## सेवा करारमा सुचना प्रविधि अधिकृत (IT Officer) पदपूर्ति सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०८२/०८/०८)*

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) अन्तर्गत यस कार्यालयमा रिक्त रहेको सूचना प्रविधि अधिकृत (IT Officer) पदमा सेवा करारमा खुला प्रतिस्पर्धाबाट पदपूर्ति गर्नु पर्ने भएकोले तपसिल अनुसार योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र माग भए बमोजिमका कागजातसहित दरखास्त पेश गुर्नहुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

१. विज्ञापन नं.: ०१-२०८२/८३

२. पद :- सूचना प्रविधि अधिकृत (IT Officer)

३, तह :- स्थानीय सेवाको अधिकृतस्तर सातौ सरह

४. आवश्यक माग संख्या :- १ (एक)

५. योग्यता :- लोक सेवा आयोगले लिने "कम्प्युटर अधिकृत पदको न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information & Communication Technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSC. IT, BSc. CSIT) गरेको उपाधिलाई आधार मानिनेछ।

६. आवश्यक कागजात : व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यताको प्रमाण पत्रहरु नेपाल बाहिर बाट शिक्षा हासिल गरेकाहरुको हकमा सो प्रमाण पत्रहरुको नेपालको विश्वविद्यालयबाट Equivalence गरिएको प्रमाण पत्र, कार्य अनुभव भए कार्य अनुभवका प्रमाण पत्रहरु तथा अन्य कागजातहरु।

७. कार्यशर्त विवरण (TOR) :- प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) ले निर्धारण गरेको कार्यविवरण बमोजिम |

८. उमेरहदः २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (पुरुषको हकमा), २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको (महिलाको हकमा)

९. परिक्षाको किसिमः लिखित, प्रयोगात्मक र अन्तरवार्ता।

१०. परिक्षा मितिः अर्को सुचना मार्फत पछि प्रकाशन गरिनेछ।

११. आवेदन शुल्क : रु १०००/- (अक्षेरुपि एक हजार मात्र)

१२. करार अवधिः २०८३ असार मसान्तसम्म।

१३. तलब स्केल: नियमानुसार।

थप जानकारीका लगि सम्पर्क नं. : ९८५७०१६९३९/९८६४५६६०६०

ईमेल: mayadeviruralmun@gmail.com

सूचनामा उल्लेखित भए बाहेकका अन्य कुराहरु प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ।

***नोटः दरखास्त फाराम पाठ्यक्रम तथा अन्य जानकारी कार्यालयको वेभसाईट https://mayadevimunrupandehi.gov.np तथा गाउँपालिका कार्यालयबाट प्राप्त गर्न सकिनेछ।***

२०८२/८/८

नारायण प्रसाद लामिछाने

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत